# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल


पत्र सं.: २०७७।७८ मिति: २०७७।१२।०४
च.नं. :

**रत्ननगर नगरकार्यपालिकाको कार्यालयको मकै उत्पादन प्रवर्द्धन कार्यक्रममा सहभागिता सम्बन्धी सूचना**
**प्रथम पटक सूचना प्रकाशित मिति २०७७/१२/०४**

रत्ननगर नगरकार्यपालिकाको कार्यालयको चालु आ.ब. २०७७/७८ को संघिय सरकारबाट हस्तान्तरीत कार्यक्रम **मकै उत्पादन प्रवर्द्धन कार्यक्रम (बाली विकास कार्यक्रम)** अन्तर्गत **बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम संचालन प्रक्रिया, २०७७** अनुसार आर्थिक विकास समितिको मिति २०७७०९।०९ गते बसेको बैठकको निर्णयानुसार निर्धारण गरिएको तपसिलको क्लष्टर अर्न्तगतका वडाहरुमा रहेका मकै उत्पादक कृषक/कृषि फर्म/कृषि समुह/सहकारी/सामुदायिक बीउ बैंक व्यवस्थापन समिति/उपभोक्ता समिति/निजी उधमी/कम्पनीहरुले तपसिलका कार्यक्रमहरुमा लागत सहभागीताका लागि यो सूचना प्रकाशित मितिले २१ (एक्काईस) दिन (मिति २०७७।१२।२४ गते) भित्र तपशिल बमोजिमका कागजातहरु संलग्न राखि रितपूर्वक प्रत्येक कार्यक्रमका लागि छुट्टाछुट्टै आवेदन आवेदन पेश गर्नुहुन सम्बन्धित सम्पुर्ण सरोकारवालाहरु लाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

**क. क्लष्टर अर्न्तगतका वडाहरु - वडा नं. ३, ४, ८, ९, ११, १२, १३, १४, १५ र १६**

**ख. कार्यक्रमहरु**

| सि.नं. | कार्यक्रमको नाम | इकाइ | परिमाण | बजेट रु हजारमा |
|---|---|---|---|---|
| १.० | कस्टम हायरिङ सेन्टर स्थापना (५० प्रतिशत अनुदान) | संख्या | २ | ३०००.० |
| २.० | विषादी छर्ने स्प्रेयर वितरण कार्यक्रम (५० प्रतिशत अनुदान) | संख्या | ७५ | २२५.० |
| ३.० | बीउ अन्न सुकाउने त्रिपाल वितरण (५० प्रतिशत अनुदान) | संख्या | २४० | २४०.० |
| ४.० | साना मेशिनरी औजार उपकरण (विधुतिय मकै छोडाउने मेशिन, लाइनमा रोप्ने मेशिन) वितरण (५० प्रतिशत अनुदान) | पटक | १ | २०५.०० |

**ग. आवश्यक कागजातहरु**

१.कार्यालयले उपलब्ध गराएको फर्मेटमा निवेदन,
२.संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी, म्याद सकिएको भएमा नविकरण गरेको प्रमाण पत्र,
३.लेखा परिक्षण प्रतिवेदन वा करचुक्ता प्रमाण पत्रको प्रतिलिपी,
४.संस्थागत निर्णयको प्रतिलिपी,
५.कार्यक्रममा समावेश हुने प्रत्येक कृषक सदस्यहरुको खेती गरिने जग्गाको धनी पुर्जाको प्रतिलिपी,
६.नागरिकताको प्रतिलिपी,
७.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
८.कस्टम हायरिङ सेन्टर स्थापना कार्यक्रमको लागि उपलब्ध गराउने जग्गाको जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा दिई कार्यक्रम संचालन गर्नको लागि कम्तिमा १५ बर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपि,
९. रु. २० राजश्व दाखिला भौचरको प्रतिलिपि ।

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम संचालन प्रक्रिया, २०७७ र फारम यस कार्यालयबाट वा कार्यालयको वेवसाईट www.ratnanagarmun.gov.np बाट डाउनलोड गरि प्राप्त गर्न सकिनेछ । विस्तृत जानकारीको लागि रत्ननगर नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क राख्नु होला ।

...........................
प्रमुख प्रशासकिय अधिकृत
शिशिर पौडेल
प्रमुख प्रशासकिय अधिकृत


फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np